

# अध्याय -४

## अर्तिकथाहरू

<u>*यस अध्यायका मुल पदहरू:*</u> मर्कूस ४:१-३४, याकूब १:११, यशैया ६:१-१३, भजन १०४:१२ र दानिएल ४:१०-१२।

**<u>*यस अध्यायको मुल सार पद:*</u> "२४ उहाँले तिनीहरूलाई फेरि भन्नुभयो, "तिमीहरू जे सुन्छौ, त्यसमा ध्यान देओ। किनकि जुन नाप वा तौलले तिमीहरू दिन्छौ त्यही नाप वा तौलमा तिमीहरूले पाउँछौ। र तिमीहरू जो सुन्छौं तिमीहरूलाई झन् बढ़ी दिइनेछ। २५ किनभने जससँग छ त्यसलाई बढि दिइनेछ, र जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ।" मर्कूस ४:२४-२५।**

यस अध्यायमा हामीले मर्कूस ४मा उल्लेखित अर्तिकथाहरू अध्ययन गर्नेछौं। मत्ती र लूकाको पुस्तकहरूमा मर्कूसको पुस्तकमा सब भन्दा थोरै अर्तिकथाहरू छन्।

सयौं वर्षदेखि बाइबलका विद्धानहरूले येशूका अर्तिकथाहरूका अर्थको बारेमा विवाद गरिरहेकाछन्: तिनीहरूको अर्थ कसरी खोलाउने, तिनीहरूको व्याख्या कसरी गर्ने, येशूले अर्तिकथाहरू नै किन प्रस्तुत गर्नुभयो, तिनीहरूबाट के पाठ सिकाउन प्रकट गरिएको थियो, तिनीहरूलाई कतिको अक्षरस वा वास्तविक रूपमा लिन सक्छौ, तिनीहरू केवल उपमान मात्र हो कि, मनलाई बहलाउने कथा मात्र हो कि, उखान मात्र हो कि, दृष्टान्त मात्र हो कि, रूपक मात्र हो कि आदि।

यस अध्यायमा ती सबै विषयवस्तुहरूको विस्तृत व्याख्या त गर्नेछैनौं। बरू ती अर्तिकथाहरू हेर्नेछौं र परमेश्वरको अनुग्रहले ती कथाहरूबाट येशूले हामीलाई के तथ्य औंल्याउन खोज्नुभएको हो सो हामी हेर्नेछौं।

*मर्कूस ४ मा केवल पाँच अर्तिकथाहरू छन्-बीउ छर्ने, बत्ती, नाप्ने वा तौलने, बढिरहेको बीउ र रायोको दाना। मुख्यत ती अर्तिकथाहरू बीउ छर्ने अर्तिकथामा केन्द्रित भएको पाउँछौं। येशूले यो अर्तिकथा पहिला सुनाउनुहुन्छ र अरू अर्तिकथाहरूको कारण र तिनीहरूको व्याख्या उहाँले गर्नुहुन्छ। यस अध्यायको पहिला तीन भागहरूमा ती कदमहरूमा ध्यान दिनेछौं। अनि चौथो र पाँचौं भागमा अरू अर्तिकथाहरूलाई अध्ययन गर्नेछौं।*

## १. बीउ छर्नेको अर्तिकथा

**बीउ ढुँगेनी, बाटो, काँढा र मलिलो माटोमा छरिन्छ। ती स्थानहरूमा छरिएको बीउ के हुन्छ? हेर्नुहोस्, "१ पछिबाट फेरि समुद्रको किनारमा उहाँले शिक्षा दिन लाग्नुभयो। उहाँका चारैपट्टि भीड यति ठूलो भयो कि उहाँ समुद्रमा भएको एउटा डुङ्गामा चढ्नुभयो र त्यसैमा बस्नुभयो। मानिसहरूचाहिँ समुद्रको किनारका पाखामा बसेका थिए। २ अनि उहाँले तिनीहरूलाई दृष्टान्तहरूमा धेरै कुरा सिकाउनुभयो। उहाँले आफ्नो शिक्षामा तिनीहरूलाई यसो भन्नुभयोः ३ "सुन! हेर, एक जना बीउ छर्ने मानिस बीउ छर्नलाई निस्क्यो। ४ अनि छर्दाखेरि केही बीउ बाटोतिर परे, र ती बीउ चराचुरुङ्गीले आएर खाइहाले। ५ केही बीउ ढुङ्गेनी ठाउँमा परे, जहाँ धेरै माटो थिएन, र माटोको गहिराइ नहुनाले ती छिट्टै उम्रे। ६ घाम निकै चर्केपछि टुसाहरू डढ़िहाले, जरा नलागेकोले ती ओइलिहाले। ७ केही बीउचाहिँ काँढ़ाहरूका बिचमा परे। काँढ़ाहरू बढ़े, र बोट निसासिए, अनि तिनमा फल लागेनन्। ८ तर केही बीउ असल जमिनमा परे, र उम्रँदै र बढ्दैगएर तीस गुणा, साठी गुणा र सय गुणा फल दिए।" ९ अनि उहाँले भन्नुभयो, "जसको सुन्ने कान छ, त्यसले सुनोस्।" मर्कूस ४:१-९।**

जब येशूले कथाहरू भन्नुहुन्छ तब मानिसहरूले तिनीहरूको अर्थ तुरन्तै चाहेको हुन्छ। हुन त अर्थ कै निम्ति ती अर्तिकथाहरू प्रस्तुत गरेका हुन्। येशूभक्तको जीवनमा ती कथाहरूबाट आत्मिक सत्यहरू पाऊन् भनेर नै येशूको मुखारबाट ती कथाहरू निस्केका हुन्। तर कतिपय समयमा "परमेश्वरको राज्य" वा "जसको कान छ त्यसले सुनोस्" भनेर आफ्ना भनाइ राख्दै उहाँले ती कथाहरूको व्याख्या गर्नुहुन्न।

त्यसैकारण, ती कथाहरूको अर्थ झट्टै जान्न चाहनुभन्दा पहिला ती कथाहरू आफैलाई केलाएर अध्ययन गर्नु जरुरी छ ताकि कुन अर्थमा लान ती कथाहरू प्रस्तुत गरेका छन् सो हामीले बुझ्न सकून्। बीउ छर्नेको उखानलाई हामीले त्यसरी हेर्दा त्यसबाट हामीले धेरै धारणाहरू निकाल्न सक्छौं। बीउ त्यही हो जुन् विभिन्न जमिनमा खस्दछ। कुन जमिनमा बीउ खसेको छ त्यो बीउ उम्रिन वा नउम्रिन ती जमिनहरूमा भर पर्दछ। यो कथामा चार व्यक्तिका मनस्थितिहरूलाई बुझाउँछ। बीउ उम्रिन समय लागेको पनि त्यस अर्तिकथाले स्वीकार गरेको पाइन्छ।

बाटोमा छरेको बीउ चराहरूले तुरन्तै खाइ दिन्छ। "अनि छर्दाखेरि केही बीउ बाटोतिर परे, र ती बीउ चराचुरुङ्गीले आएर खाइहाले।" मर्कूस ४:४।

ढुँगेनी जमिनमा परेको बीउ केही दिन वा हप्तामा त उम्रन्छ तर त्यो मौलाउन सक्दैन। चर्को घामले त्यो मर्दछ।

काँढा भएको झाङ्गमा खसेको बीउ उम्रिन्छ र जब फल फलाउन समय हुन्छ तब काँढाले गर्दा त्यसलाई निसासिन्छ।

असल माटोमा छरेको बीउ धेरै समय लगाएर उम्रेको हुन्छ। यो पाक्न ऋतुमा आफ्नो नियमित समय लिएको हुन्छ।

पहिले तीन जमिनमा खसेको बीउ उम्रिन असफल हुन्छ। तर चौथो जमिनमा मात्र छरेको बीउले सफलता हासिल गर्दछ। यसले प्रशस्त फल फलाउँछ।

बीउ उम्रिन अलि अलि समय लागेको पहिला तीन जमिनले देखाउँछ भने चौथो जमिनले धेरै फल फलाउँछ। सुसमाचार प्रचार गर्दा सबैले ग्रहण गर्छ भन्ने नै छैन। हाम्रो काममा असफल हुने पनि अपेक्षा गर्नुपर्दछ। तर हाम्रो काम वा प्रयासले प्रशस्त नतिजा पनि हुन सक्छ भन्ने कुरामा हामी आँखा चिम्लिनु हुन्न।

यस अर्तिकथामा येशूको भक्त वा चेला हुन हामीले मोल तिर्नुपर्छ र जोखिमको पनि सामना गर्नुपर्छ भनेर सिकाउँछ। तर येशूलाई पछ्याउँदा प्रशस्त इनाम पनि पाइन्छ भनेर यस अर्तिकथाले सिकाउँदछ।

***प्रकृतिबाट अरू आत्मिक पाठहरू हामीले के सिक्न सक्छौं?***

## २. येशूको व्याख्या वा खुलाउनुभएको अर्थ

येशूले अर्थ नै नखुलाइकन अर्तिकथा भन्नुभएको थियो। मर्कूस ४:१ अनुसार येशूले ठुलो भीड सामु सम्बोधन गर्नुभएको थियो। मर्कूस ४:१० अनुसार केवल सानो समूहलाई मात्र त्यस अर्तिकथाको अर्थ खुलाउनुभएको थियो।

**बीउ छर्नेको अर्तिकथाको अर्थ येशूले कसरी खोल्नुभएको थियो भनेर मर्कूस ४:१३-२०मा उल्लेख गरिएको हेर्नुहोस्, "१३ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू यस दृष्टान्तको अर्थ बुझ्दैनौ? त्यसो भए अरू सब दृष्टान्तहरूका अर्थ कसरी बुझ्नेछौ? १४ बीउ छर्नेले वचन छर्दछ। १५ कोही मानिसहरू बाटोतिर छरिएका बीउजस्तै छन्। जब तिनीहरूले वचन सुन्छन्, तब तुरुन्तै शैतान आउँछ, र तिनीहरूमा छरिएको वचन लगिहाल्छ। १६ त्यसै गरी ढुङ्गेनी ठाउँमा छरिएकाहरू यी नै हुन्, जसले जब वचन सुन्छन् तब खुशीसाथ तुरुन्तै त्यो ग्रहण गर्छन्। १७ तर तिनीहरूको आफ्नो जरा नलागेकोले ती थोरै बेर मात्र टिक्छन्। तर जब वचनको कारण सङ्कष्ट वा सतावट आउँछ, तिनीहरू तुरुन्तै लड़िहाल्छन्। १८ काँढ़ाहरूका बिचमा छरिएका ती नै हुन्, जसले वचन सुन्छन्, १९ तर यस संसारको फिक्री र धनको मोह र अरू थोकको लालच आएर वचनलाई निसासिदिन्छन्। ती फलवन्त हुँदैनन्। २० तर असल जमिनमा छरिएकाहरू ती हुन्, जसले वचन सुन्छन्, र ग्रहण गर्छन्, र फल दिन्छन् तीस गुणा, साठी गुणा र सय गुणा।" मर्कूस ४:१३-२०।**

चार थरीका वास्तविक जमिनमा छरेको बीउको अध्यात्मिक अर्थ येशूले खुलाउनुहुन्छ। बीउको अर्तिकथाको विस्तृत विवरण त येशूले दिनुहुन्न तर त्यस कथाको उपादेयिताको बारेमा उहाँले सुनाउनुहुन्छ।

बीउ परमेश्वरको वचन हो भनेर उहाँले किटानी गर्नुहुन्छ। जब येशूले बीउ भनेर सिकाउनुहुन्छ त्यो प्रायजसो परमेश्वरको वचन भनेर बुझ्नुपर्दछ। याकूब १:२१मा उल्लेख गरिएको छ, "यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ।"

बीउ छरिएको चार थरिका फरक जमिनको अर्थ परमेश्वरको वचन सुन्ने चार थरिका मानिसहरूलाई जनाउँछ। संसारका सबै मानिसहरूले परमेश्वरको वचन त सुन्दछ भनेर येशूले स्वीकार गर्नुहुन्छ, अर्थात् सबै खालका जमिनमा बीउ छरिन्छ। येशूले व्याख्या गर्नुभएको अर्थलाई हामीले बुझ्नु जरुरी छ। बीउ वा वचनलाई ग्रहण गर्नेहरू फरक फरक हुन्छ। सबैको दिमाग एकै

नाशको हुँदैन वा सबैले परमेश्वरले उपलब्ध गराउनु भएको मुक्तिको मार्ग स्वीकार गर्नुपर्छ भन्ने छैन। बाटोको माटो कडा हुन्छ, बीउ गाडिन सक्दैन र त्यो उम्रिन नसक्दा चराहरूले टिप्दछन्। सत्यलाई सैतानले खोसेर लान्छ भनेर येशूले भन्न खोज्नुभएको हो। ढुँगेनी जमिनमा ढुँगाहरूको बिचमा अलिअलि माटो त हुन्छ। बीउ त उम्रन्छ तर गहिरो माटो नहुँदा त्यो सुकेर जान्छ। कतिपय मानिसहरू आवेश, भावना वा तरङ्गको भरमा परमेश्वरको वचनलाई स्वीकार गर्दछन्। प्रचारकको प्रचार प्रति प्रभावित भएर झट्ट सुसमाचार ग्रहण गर्छन् र बप्तिस्मा पनि लिन्छन् र चर्चमा सरिक हुन्छन्। तर बाइबलीय ज्ञानमा नलाग्दा र येशूभक्त हुनुको मोल थाहा नपाउँदा बप्तिस्माको समयमा प्रभु र चर्चसँग एकमत हुने भनेर किरिया खाए पनि विश्वासीले सजिलैसँग आफ्नो आस्था त्याग्छ र चर्च पनि त्याग्छ। काँढा वा झाङ्गमा खसेको बीउ उम्रन त उम्रिन्छन् त्यो पनि राम्रैसँग तर संसारको लालच, माया, मोह, आफ्नो भाउ खोज्ने प्रवृत्ति र सांसारिक प्रतिस्पर्धामा लाग्दा परमेश्वर प्रतिको विश्वासलाई ओझेलो पार्दछ र एक फेरा विश्वासमा जोशिलो भएको व्यक्तिलाई संसारको रवाफले निसासिदिन्छ। तर असल वा मलिलो माटो वा परमेश्वरको वचनलाई गहिरो चासो दिएर सुन्नेले खुशीसाथ वचनलाई ग्रहण गर्छ। परमेश्वरको वचन पढ्ने र सुन्ने भएकोले त्यस व्यक्तिको आत्मिक जीवनको प्रगति हुन्छ र उसले धेरै फल फलाउँछ अर्थात् उसको कारणले धेरै मानिसहरू येशूलाई विश्वास गर्न पुग्छन्।

ढुँगेनी र काँढा वा झाङ्गमा खसेको बीउको बारेमा येशूले अलिकति विस्तृत रूपमा व्याख्या गर्नुहुन्छ। ढुँगेनी जमिनमा परेको बीउ वा पत्थरी हृदय भएको मानिसले क्षणिक मन पग्लेको भरमा परमेश्वरको वचन खुशीसाथ ग्रहण गर्छ त र त्यो व्यक्ति केवल औपचारिक वा अस्थायी चेला हुन्छ। जब दुःखकष्ट आउँछ, आफूले चाहेको कुरा पूरा हुँदैन र आफ्नो भाउ खोज्छ तर भाउ नपाउँदा त्यो मानिस विश्वासलाई त्याग्दछ। काँढा वा झाङ्गमा रूपि मानिसले वचन त सुन्छ र ग्रहण पनि गर्छ। कठिन परिस्थितिको सामना गर्नुपर्दा त्यो मानिसले विश्वास त्याग गरेको हुँदैन तर परमेश्वरको राज्य भन्दा पनि यस संसारको थोकहरूमा फस्न पुग्दा उसको विश्वास बिलाएर जान्छ वा आत्मिक कुराहरूतिर बेवास्ता गर्न पुग्छ। तिनीहरूको ध्यान संसारकै रमझममा लगाउने भएकोले न त बाइबल पढ्न फुर्सद हुन्छ न त प्रार्थना गर्न नै।

(चार थरिका जमिनको अर्थ वचन सुन्ने चार जनामा केवल एक जना मात्र त्यसलाई ग्रहण गर्छ भन्ने तथ्यलाई हामीले अस्वीकार गर्नुहुन्न–अनुवादक)।

***तपाईंको आफ्नै जीवनको बारेमा सोच्नुहोस्। तपाईंमा बाटो, ढुँगेनी र झाङ्गको चरित्र तपाईंको जीवनमा घुसिरहेको छ कि? यो थाहा नै नपाइकन हुन्छ। त्यसलाई परिवर्तन गर्न तपाईंले के गर्न सक्नुहुन्छ?***

## ३. अर्तिकथाहरू दिनुका कारण

**येशूले किन अर्तिकथाहरूबाट शिक्षा दिनुभयो? हेर्नुहोस्, "१० जब उहाँ एकलै हुनुभयो, तब बाह्र जना चेलाहरू र उहाँको वरिपरि भएकाहरूले उहाँलाई दृष्टान्तको विषयमा सोधे। ११ उहाँले तिनीहरूलाई भन्नुभयो, "परमेश्वरका राज्यको रहस्य तिमीहरूलाई दिइएको छ, तर बाहिरकाहरूलाई भने सबै कुरा दृष्टान्तमा भनिन्छ, १२ कि तिनीहरू हेर्न त हेर्छन्, तर देख्दैनन्, सुन्न त सुन्छन्, तर बुझ्दैनन्, नत्रता तिनीहरूले पश्चात्ताप गर्नेथिए, र तिनीहरूको पाप क्षमा हुनेथियो।" मर्कूस ४:१०-१२।**

झट्ट हेर्दा वा सतहमा मात्र हेर्दा बाहिरका मानिसहरू वा येशूलाई विश्वास नगर्ने मानिसहरूलाई परमेश्वरले अन्धकारमा राख्न चाहेको देखिन्छ। तर मर्कूसमै उल्लेखित येशूको अन्य क्रियाकलापमा त्यो धारणा ठिक नभएको प्रमाणित गर्दछ। धार्मिक अगुवा र पण्डितहरूको पत्थर हृदयदेखि येशू दुःखित हुनुभएको मर्कूस ३:५,६ले बताउँछ। मर्कूस ३:२२–३०मा पण्डित वा धर्मगुरुहरूले गरेका वादविवादलाई गम्भीरतासाथ लिनुभएको थियो र तिनीहरू कसरी गलत थिए भनेर विस्तृत रूपमा सुनाउनुहुन्छ। मर्कूस १२:१–१२मा उल्लेख गरिएको येशूले भन्नुभएको मोहीहरूको कथाले यहूदी धर्मका अगुवाहरूलाई लक्षीत गरेको हो भनेर तिनीहरूले बुझेका थिए। येशूलाई मार्ने षडयन्त्र र त्यसको भयानक नतिजा के हुनेछ भनेर चेतावनी स्वरूप त्यो अर्तिकथा येशूले भन्नुभएको थियो। यदि धर्मगुरु र धर्मका अगुवाहरू प्रति येशूको चासो थिएन भने उहाँले त्यो कथा भन्नुहुने थिएन। मर्कूस ४मा उल्लेख गरिएका येशूका भनाइहरूलाई नजिकै हेरेर उहाँले के भन्न खोज्नुभएको हो सो बुझ्नु जरुरी छ। उहाँले यशैया ६:९,१०लाई सरल भाषामा बताउनुभएको थियो।

यशैया ६:१-१३ पढ्नुहोस्। यहाँ यशैयालाई के भएको थियो र इस्राएललाई के सन्देश दिन उनलाई अऱ्हाइएको थियो? हेर्नुहोस्, "१ उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू* खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" ४ तिनीहरूका सोरले ढोकाहरू र जगहरू हल्लिए, र मन्दिर धूवाँले भरियो। ५ मैले भनें, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बिचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।" ६ तब चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए। ७ तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने, "हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।" ८ तब मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई पठाउनुहोस्!" ९ उहाँले मलाई भन्नुभयो, "जाऊ गएर यी मानिसहरूलाई भन, " 'तिमीहरू सुन्न त सुन्छौ, तर बुझ्दैनौ, तिमीहरू देख्न त देख्छौ, तर थाहा पाउँदैनौ'। १० यी मानिसहरूका हृदय कठोर र तिनीहरूका कान नसुन्ने पार, र तिनीहरूका आँखा बन्द गरिदेऊ, नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्, र आफ्ना कानले सुन्लान्,र तिनीहरूका हृदयले बुझ्लान्, र फेरि फर्केर तिनीहरू निको होलान्।" ११ तब मैले भनें "हे परमप्रभु कहिलेसम्म?" र उहाँले भन्नुभयो, "जबसम्म सहरहरू विनाश भएर बासिन्दाविनाका हुँदैनन्, र घरहरू निर्जन हुँदैनन्, र खेतहरूचाहिँ ध्वंस र नष्ट हुँदैनन्, १२ जबसम्म परमप्रभुले हरेक मानिसलाई टाढ़ा पठाउनुहुन्न, र पूर्ण रूपमा देश परित्याग गरिँदैन। १३ अनि यदि त्यस देशमा दशौं भाग रह्यो भने त्यो फेरि पनि उजाड़ पारिनेछ। तर जसरी तारपीन र फलाँटका रूखहरू काटेर ढाले तापनि ठुटोचाहिँ रहिरहन्छन्, त्यसरी नै त्यस देशमा पवित्र बीउचाहिँ ठुटो हुनेछ।"

परमेश्वर पवित्र मन्दिरमा हुनुभएको दिव्यदर्शन यशैयाले देख्दछन् र परमेश्वरको महिमादेखि उनी अत्यन्तै चकित हुन्छन् र आफू कतिको अशुद्ध र

पापी भएको उनी महसुस गर्छन्। परमेश्वरले उनलाई शुद्ध बनाउनुहुन्छ वा उनको पाप क्षमा गर्नुहुन्छ र सबैलाई स्तब्ध पार्ने सन्देश सुनाउन उनलाई अऱ्हाइन्छ। जसरी इस्राएलीहरूको निम्ति मोशा प्रेरणाको स्रोत भएका थिए त्यसरी नै यशैया पनि परमेश्वरका जनहरूलाई सान्त्वना दिन प्रेरणाको स्रोत हुन पुगेको थियो।

मानिसहरू आफ्नो दुष्ट कामलाई त्याग्न यशैयाले आह्वान गरेको यशैया ६ मा पाइन्छ। मार्कमा उल्लेखित येशूका भनाइहरूलाई बुझ्ने मुल साँचो मर्कूस ३:३५मा पाइन्छ। यसमा परमेश्वरलाई विश्वास गर्ने र उहाँका नीति वा चाहना अनुसार चल्नेहरू येशूका परिवारमा उहाँले हुल्नुहुन्छ। तर येशू दुष्ट आत्माको वसमा हुनुहुन्छ, उहाँ परमेश्वरको पुत्र हुनुहुन्न र उहाँलाई मुक्तिदाता मान्न इन्कार गर्नेहरूले न त उहाँको बारेमा प्रचार गर्दा सुन्न नचाहने निर्णय गरिसकेका हुन्छन्।

यशैया ६ बाट उतारेको भनाइले मानिसहरूलाई मुक्तिबाट बञ्चित भएको परमेश्वर चाहनुहुन्छ भनेर येशूले औँल्याउनु भएको होइन। येशूको बारेमा पूर्वाग्रह राख्ने र गलत धारणाहरू राख्न निर्णय गरिसकेका र पत्थर हृदय हुनेहरूले मुक्ति दिने सुसाचार ग्रहण नगर्ने निर्णयमा अडानले नै तिनीहरूले मुक्ति पाउन रोकेको हुन्छ।

यो सत्य बीउ छर्ने उखानले स्पष्टसँग बुझाउँछ। प्रत्येक मानिसले आफू कस्तो किसिमको जमिन हुन चाहेको रोज्छ। मुक्ति पाउने, नपाउने र येशूलाई आफ्नो जीवन समर्पण गर्ने र नगर्ने आत्मनिर्णयको अधिकार प्रत्येक व्यक्तिलाई नै सुम्पिएको छ। यस अधिकारलाई परमेश्वरले हस्तक्षेप गर्नुहुन्न न त कुनै मानिस उहाँको पुतली वा यान्त्रिक मानव भनेर उहाँले व्यवहार गर्नुहुन्छ। अहिले नै अनन्तसम्म येशूकोसँग रहने वा नरहने निर्णय हामीले नै गर्दछौं।

## ४. दियो र नाप्ने वा तौलिने टोकरी

**मर्कूस ४:२१-२३ पढ्नुहोस्। दियोको अर्तिकथामा येशूले के सत्यमा जोड गर्नुभएको थियो? हेर्नुहोस्, "२१ उहाँले तिनीहरूलाई भन्नुभयो, "के कसैले बत्ती बालेर पाथीमुनि वा खाटमुनि राख्न भनेर भित्र ल्याउँछ? के सामदानमाथि राख्न भनेर होइन र? २२ कुनै थोक लुकाएर राख्न सकिँदैन जो प्रकट गरिनेछैन, अनि**

**कुनै थोक गुप्त छैन जो प्रकाशमा ल्याइनेछैन। २३ यदि कुनै मानिसको सुन्ने कान छ भने त्यसले सुनोस्।" मर्कूस ४:२१-२३।**

येशूको समयमा होस् वा अहिले होस् र र घरहरू विभिन्न स्थान र धन अनुसार विभिन्न किसिमले निर्माण हुन्छन्। पौराणिक समयमा ग्रीक सभ्यताका घरहरू चोकको वरिपरि बनिन्थ्यो। ती घरहरू विभिन्न प्रयोजनको निम्ति निर्माण गरिन्थ्यो। तर येशूले निम्न वर्गका साना साना घर वा छाप्रोहरूको बारेमा पनि सम्बोधन गरिरहनुभएको हुनसक्छ। चाहे ठुलो घर होस् वा सानो घर होस् विषयबस्तु त एउटै होः एक दिन येशूको बारेमा सत्यको प्रकट हुनेछ।

मर्कूस ४:२१मा येशूले दुई प्रश्नहरू गर्नुहुन्छ। पहिलो प्रश्नको जवाफमा नकारात्मक हुन सक्छ-"के घरभित्र ल्याएको बत्ती डालामुनि वा खाटमुनि लुकाउँछ र?" दोस्रो प्रश्नको जवाफ सकारात्मक हुन अपेक्षा गरिन्छ- "यो टेबुलमाथि वा पानसमा राख्न ल्याइएको होइन र?" बत्ती उज्यालो हुन बालिन्छ। नत्रभने त्यसको उद्देश्यको अर्थ हुँदैन। यो अर्तिकथामा लुकेको सत्यलाई सार्वजनिक गर्नुपर्छ भनेर मर्कूस ४:२२ले बताउँछ। गोप्य कुराहरू नाश भएको अनुभव गर्ने सबैले त्यस प्रति दुःखित भएको अनुभव गरेको हुन्छ। तर यहाँ अरू कुनै गोप्य थोक होइन सुसमाचारको बारेमा येशूले बताइरहनुभएको छ।

**देहायका पदहरूमा तौलिने टोकरी वा नापको अर्तिकथामा येशूले के भन्न खोज्नुभएको थियो? हेर्नुहोस्, "उहाँले तिनीहरूलाई फेरि भन्नुभयो, "तिमीहरू जे सुन्छौ, त्यसमा ध्यान देओ। किनकि जुन नापले तिमीहरू दिन्छौ त्यही नापमा तिमीहरूले पाउँछौ। र तिमीहरूलाई झन् बढ़ी दिइनेछ। २५ किनभने जससँग छ त्यसलाई दिइनेछ, र जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ।" मर्कूस ४:२४-२५।**

संसारका धेरै ठाउँहरूमा ताजा उत्पादन खुला बजारमा बेच्दछन्। विक्रेताहरूले ठिक तराजु र ढकहरू राख्दछन् ताकि उपभोक्ताले आफूले किनेको सामानको तौल ठिक भएको महसुस गर्न सकून्। असल विक्रेताले उचित तौलले नै सामान बेचेको हुन्छ र किन्ने मानिसले पनि खुशी भएर किन्दछ। त्यसरी नै सत्यलाई कसरी जोखेर वा जानेर अरूहरूलाई सुनाउँछ त्यो सुन्ने मानिसले खुशीसाथ सुन्छ। बत्तीको अर्तिकथामा जसले सत्यलाई थाहा पाएर वा सत्यआत्मज्ञान थाहा पाएर पछ्याउँछ उसले झन बढि ज्ञान पाउँछ।

तर कसैले सत्यज्ञानलाई ग्रहण गर्न अस्वीकार गर्छ वा उसलाई सिकाएको सत्यमा हिंड्न अस्वीकार गर्छ भने उसमा भएको अलिकति ज्योति वा ज्ञान पनि भासेर जान्छ। (अर्थात् परमेश्वरको आत्मज्ञानलाई बेवास्ता गर्ने मानिसले आफ्नो विवेकलाई सिथिल बनाउँदै जान्छ र अन्तमा कठोर र निर्दयी हुन हिचकिताउँदैन–अनुवादक)।

***हामीले जुन तौलले तौल्छौं वा नापले नाप्दछौं हामीलाई पनि त्यही तौल तौलिन्छ वा नापले हामीलाई नापिन्छ भन्ने नीतिमा कसरी हिंड्ने? (अरूहरूलाई हामी कसरी जोख्छौं वा मूल्याङ्कन गर्छौं त्यसै अनुसार हामीलाई पनि जोखिन सक्छ वा हाम्रो मूल्याङ्कन गरिन्छ)। अरूसँगको कारोबार र सम्बन्धमा यो नीति लागु गर्नुपर्ने बारेमा सोच्नुहोस्।***

## ५. बढिरहेको बीउ

**मर्कूस ४:२६–२९को अर्तिकथाको मुख्य अर्थ के हो वा यस कथाको फोकस के हो? हेर्नुहोस्, "२६ उहाँले भन्नुभयो, "परमेश्वरको राज्य यस्तो हो– कुनै एक जना मानिसले जमिनमा बीउ छर्छ, २७ र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन। २८ जमिन आफैले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ। २९ तर जब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ।" मर्कूस ४:२६-२९।**

मर्कूसमा लेखिएका प्रायजसो सबै अर्तिकथाहरू कि त मत्ती वा कि त लूका वा दुवैमा पाउँछ। तर यो अर्तिकथा अरू सुसमाचारका पुस्तकहरूमा पाइन्दैन। यो मर्कूसको पुस्तकमा लेखिएको विशेष अर्तिकथा हो। यसमा छोटकरीमा बीउ कसरी उम्रिन्छ भनेर वयान गरिएको छ। परमेश्वरको राज्यले कसरी काम गर्छ भनेर यहाँ येशूले सिकाइरहनुभएको छ। यो प्रक्रिया निरन्तर जारी रहने होइन। जब अन्न पाक्छ तब येशूको त्यो अर्तिकथा अचानक समाप्त हुन्छ। जब येशू दोस्रो पल्ट आफ्नो महिमासाथ फर्किनुहुन्छ तब यस संसारको इतिहास अचानक समाप्त हुनेछ।

**रायोको दानाको अर्तिकथामा के महत्त्वपूर्ण कुरामा जोड दिएको छ? हेर्नुहोस्, मर्कूस ४:३०–३२, "३० उहाँले फेरि भन्नुभयो, "परमेश्वरका राज्यको तुलना केसँग गरौं? अथवा कुन दृष्टान्तमा यसको व्याख्या गरौं? ३१ यो त रायोको बीउको दाना जस्तो छ, जो जमिनमा छरिन्छ। पृथ्वीभरिमा सबै**

**बीउहरूमा साना भए तापनि ३२ जब त्यो रोपिन्छ, तब त्यो बढ्छ, र सबै सागपातहरूभन्दा त्यो ठूलो हुन्छ, र त्यसले ठूला-ठूला हाँगाहरू हाल्छ, र आकाशका पक्षीहरूले त्यसका छहारीमा गुँड़ लाउँछन्।"**

एकदम सानो बीउ  अचम्म प्रकारले अत्यन्तै ठुलो भएर कसरी हुर्किन्छ भन्ने अर्थलाई जोड दिएर यो अर्तिकथा भनिएको हो। **रायोको दाना प्रायजसो १देखि २ मिलिमिटर वा** .०३९देखि .०७९ आकारको हुन्छ। यहाँ उल्लेख गरिएको रायो शायद कालो रायो हुन सक्छ (ब्रासिका निग्रा Brassica nigra) यसको बीउ १ ग्राममा ७०० वटा दानाहरू अट्दछन्। हुन त यो प्राकृतिक संसारमा सबभन्दा सानो बीउ त होइन, तैपनि तिनीहरू धेरै सानो नै छ। यसको बीरुवाको तुलनामा बीउ सानै हुन्छ। यो बीरुवा हुर्कन्दा ३ मिटर व १० फिटसम्म अग्लो हुनसक्छ। चराहरू त्यस रायोको  बीरुवाको मुनि गुँड बनाएको  येशूले देख्नुभएको हुनुपर्छ। यस अर्तिकथाले भजन १०४:१२ र दानिएल ४:१०-१२लाई पनि औँल्याएको हुनुपर्दछ। भजन १०४मा यस संसार सृष्टि गर्नु हुँदा परमेश्वरको शक्तिलाई प्रदर्शन गरेको देखाउँछ र दानिएल ४मा सम्राट् नेबुक्दनेजारलाई ठूलो रूखसँग तुलना गरेको पाइन्छ। त्यस रूखको छायाँमुनि जीवहरू बस्न सकेछन् र खाना पनि पाइन्छ।

परमेश्वरको राज्य धेरै सानो भएर बढे पनि यो अत्यन्तै ठुलो र प्रभावकारी हुन्छ भनेर येशूले औँल्याउन खोज्नुभएको हो। येशूको समयमा उहाँ र उहाँका चेलाहरूलाई साधारण वा अलोकप्रिय प्रचारकहरू भनेर धर्मगुरु र अरू मानिसहरूले हेप्छन् होला तर समयले देखाइहेको छ कि परमेश्वरको अनुग्रहको राज्य संसारभरी फैलिरहेको छ।

**"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" मत्ती २४:१४। जब येशूले यो भविष्यवाणी गर्नुभयो तब चर्चको आकार कस्तो थियो सो सोच्नुहोस्। आस्थाको दियो बालिरहने चर्चले त्यस भविष्यवाणी पूरा भइरहेको किन अचम्म मान्नुपर्दछ?**

**उपसंहारः**

**थप जानकारीः एलेन जी. ह्वाइटद्वारा लिखित क्राइस्ट अब्जेक्ट लेसनसको पृ. ३३-६१को "द सोवर वेन्ट फोर्थ टु सो," पढ्नुहोस्।**

"सत्य पवित्र जीवन जीउनु भनेकै परमेश्वरको काममा पूरै समर्पित हुनु हो। सत्य इसाई जीवनको स्थिति यही हुनुपर्दछ। हाम्रो समर्पणतामा कुनै कमी नभएको येशू चाहनुहुन्छ। अविभाजित सेवाको निम्ति येशूले अपेक्षा गर्नुहुन्छ। हाम्रो हृदय, दिमाग, आत्मा र सारा बल उहाँको सेवामा समर्पित हुन उहाँले माग गर्नुहुन्छ। आफ्नै भाउ खोज्ने प्रवृत्तिलाई सजाइ राख्नुहुन्न। जो इसाई भनेर दावी त गर्छन् तर आफ्नै लागि मात्र जिउँछ भने त्यसले आफू इसाई हुँ भन्न सुहाउँदैन।

"जे काम गरेतापनि प्रेमको नीतिले परिचालित हुनुपर्दछ। स्वर्ग र पृथ्वीमा प्रेम नै परमेश्वरको राज्यको आधार हो। यो इसाई चरित्रको जग पनि हुनुपर्दछ। यसले मात्र येशूभक्तलाई बलियो र स्थिर बनाइ राख्दछ। केवल यस नीतिले मात्र जीवनमा आउने कष्ट र परीक्षाहरूको सामना गर्न सकिन्छ।

"प्रेम त्यागले प्रकट गर्दछ। मुक्तिको योजना नै बलिदान वा त्यागको जगमा बसालिएको हो। यो त्याग धेरै फराकिलो, गहिरो र नाप्न नसकिले उचाइमा छ। येशूले हाम्रो निम्ति सबै थोक दिनुभयो। जो मानिस येशूलाई ग्रहण गर्छ उसले पनिमुक्तिदाताको निम्ति सबै थोक त्याग गर्न राजी हुन्छ। प्रत्येक क्रियाकलाप, सोच र चालमा येशूको महिमा गर्ने र सम्मान गर्ने मिजास त्यस येशूभक्तमा हुनेछ।" एलेन जी. ह्वाइट, *क्राइस्ट अब्जेक्ट लेसनस्,* पृ. ४८,४९।

**चिन्तनमननः**

**अ.** **"हाम्रा सबै चाल वा क्रियाकलापहरू प्रेमको नीतिमा हुनैपर्छ। प्रेम नै स्वर्ग र पृथ्वी परिचालन गर्ने परमेश्वरको राज्यनीतिको आधारशीला हो।" यो अचम्मको सत्यलाई हामीलाई कसरी प्रकट गरिएको छ? यस खालको प्रेमलाई हाम्रो जीवनमा हामीले कसरी प्रतिबिम्बित गर्ने? त्यो प्रकट किन गर्नै पर्छ?**

**आ.** **बाहिरमा मानिसहरूलाई अन्धकारमा राख्न येशूले अर्तिकथाहरू भन्नुभएको हो भनेर जिकिर गर्नेलाई तपाईंले**

कसरी जवाफ दिनुहुन्छ? जब मानिसहरूलाई उद्धार गर्न येशू क्रूसमा मर्नुभएको थियो भने (१ यूहन्ना २:२) उहाँले सत्यलाई किन लुकाउन चाहनुहुन्छ होला?

इ. बत्ती त सामदानमा राख्नुपर्ने हो, डाला वा टेबुलमूनि होइन (मर्कूस ४:२१)। तपाईंको चर्चले स्थानीय समाजसँग कारोबार गर्दा यो नीतिलाई आत्मसात गर्नुपर्छ। परमेश्वरको ज्योतिलाई तपाईंले कसरी उचाल्न सक्नुहुन्छ?

ई. बढिरहेको बीउको अर्तिकथाको बारेमा सोच्नुहोस् (मर्कूस ४:१८-२९)। बीउ उमार्न मानिसको भूमिका के हुनुपर्दछ? परमेश्वरले के भूमिका खेल्नुहुन्छ? हाम्रो आफ्नै भूमिका त हुन्छ तर हामी परमेश्वरमा नै पूरा भरोसा राख्नुपर्छ कसरी महसुस गर्ने? परमेश्वरको बीउ वा वचनको प्रभाव बढाउन परमेश्वरसँग सहकार्य गरेर हामी कसरी अघि बढ्नुपर्दछ?

# कथा ४

# साबथको बारेमा घमासान, भाग १

एशिया र युरोपका बिचमा रहेका केही देशहरूमा आर्मीनिया पनि एक हो। त्यस देशको सहरको स्कुलमा सेभेन्थ-डे एडेन्टिस्टहरूले सार्वजनिक सुसमाचार कार्यक्रम चलाएका थिए। त्यसमा एक जना महिलाले भाग लिइरहेकी थिइन्। त्यस कार्यक्रम पछि उनले बप्तिस्मा लिइन्। उनको श्रीमानले उनको बप्तिस्माप्रति आपत्ती जनाएनन्। आफ्नी छोरी अनुश र उनकी बहिनी पनि छुट्टीको मौसममा एडभेन्टिस्टहरूले चलाएका शिविरहरूमा भाग लिएकोमा पनि बाबु चिन्तित थिएन। अझ तिनीहरूलाई त्यस शिविरमा लिएर जान्थे। १७ वर्षकी अनुश पनि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्माद्वारा सरिक हुन बाबुले चिन्ता गरेका थिएन। अनुश विश्वविद्यालयमा अध्ययन गरिरहेकी थिइन्।

तर जब अनुशले साबथमा क्लासमा नगएको भनेर विश्वविद्यालयका पदाधिकारीले बाबुसँग गुनासो गरे तब बाबु अत्यन्तै क्रोधित भए। विद्यार्थीहरूले विभिन्न कारणहरूले गर्दा क्लासमा जाँदैनन् र अनुशले साबथ पालन गरेर क्लासमा नगएकोमा विश्वविद्यालयलाई पनि आपत्ती थिएन। अरू विद्यार्थीहरू क्लासमा नजानुको कारण आफूहरूमा नै राखेका थिए। तर अनुशले धार्मिक स्वतन्त्रताको मामिलाको कारणले क्लासमा नगएको भनेर सबैलाई सुनाएपछि त्यहाँ ठुलो समस्या खडा भयो।

"यदि उनी क्लासमा जान चाहेन भने ठिकै छ। तर आफू धार्मिक स्वतन्त्रतालाई अपनाएको कारणले क्लासमा नगएको भनेर किन भनेर हिंडिन्। उनले गर्दा विश्वविद्यालयको गरिमालाई धक्का दिइरहेकी छिन्," विश्वविद्यालयका पदाधिकारीले अनुशका बाबुलाई सुनाए। त्यो सुनेपछि बाबु रिसले आगो भए। छोरीको आस्थाले गर्दा परिवारको नाउँलाई बेइज्जत गरिरहेकी भनेर बाबुले सोचे।

जब अनुश घरमा फर्किन्, बाबु रिसले उनलाई सुनाए, "विश्वविद्यालयमा नै तिम्रो आस्थाको बारेमा किन सुनाइरहेको? यदि तिमीले रोकेनौ भने म तिमीलाई चर्च पनि जान दिन्न। उनलाई बप्तिस्मा लिन पनि रोके।

"तिम्रो सुरक्षाको निम्ति म जिम्मेवारी छु। जब तिमी ठुली हुन्छ्यौं तिमीले जे निर्णय गरेर चल्न चाहन्छ्यौं चल। तर अहिले म तिम्रो अभिभावक हुँ," कडा भएर बाबुले सुनाए।

अनुशले विवाद गरिनन्। आर्मनिया प्रायजसो पुरुष प्रधान देश हो। बाबुको वचन नै कानुन थियो। तर चौथो र पाँचौं आज्ञालाई कसरी छुट्याउने भनेर उनले अचम्म मानेर सोचिन्। के उनी चर्चमा गएर बाबुलाई आदर गर्न सक्छिन् कि? परमेश्वरको सामु आफू बप्तिस्मा लिने निर्णय उनले गरेकी थिइन्। तर उनले बप्तिस्मा लिन जिकिर नै गरे बाबुले आमालाई पनि चर्चमा जान रोक्नेछन् भनेर चिन्तित भइन्। अहिले नै अनुशले बप्तिस्मा नलिन आमाले सल्लाह दिइन्। गन्ती ३०:३-५मा पढिन्। त्यसमा लेखिएको छ यदि बाबुको घरमा छोरी रहन्छिन् र शपथ खान्छिन् वा भाकल गर्छिन् तर बाबुले सहमति जनाए मात्र परमेश्वरले अनुमोदन गर्नुहुनेछ। यदि छोरीले गरेको भाकलमा बाबुले विरोध गरे, परमेश्वरले छोरीको भाकल पूरा गर्ने चाहनाबाट परमेश्वरले स्वतन्त्र पार्नुहुनेछ।

"बप्तिस्मा नलिन निर्णयमा परमेश्वर सहमत हुनुहुन्छ होला," भनेर आमाले अनुशलाई सुनाइन्।

अनुश पर्खिन्। उनको निम्ति विश्वविद्यालयको चार वर्षे जीवन कठिन थियो। बाबु असल हुनुहुन्छ भनेर उनले विश्वास गरेकी थिइन्। उनको उत्तम हित मात्र बाबुले चाहेको भनेर सोचिन्। उनी चर्चमा गएर बप्तिस्मा लिन तीव्र चाहना गरेकी थिइन् जब उनकी साथीले बप्तिस्मा लिइन् उनलाई आनन्द लागेको थियो। त्यो साथीलाई अनुशले साबथको बारेमा सुनाएपछि उनी पनि क्लासमा जान छोडेकी थिइन्। त्यो अनुशको पहिलो महिला विद्यार्थी थिइन् जो उनले गर्दा येशूलाई विश्वास गर्न पुगेकी थिइन्।